# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, भदौ १० गते २०४३ साल ( अतिरिक्ताङ्क २३ ( अ )

## भाग १

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट असंलग्न राष्ट्रहरूको आठौं शिखर सम्मेलनमा भाग लिन हरारेतर्फ सवारी होइबक्सनु अघि देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज हामी हाम्रा बडामहारानीकासाथ जिम्बाब्वका प्रधानमन्त्री महामहिम श्री रबर्ट मुगाबेको निमन्त्रणामा असंलग्न राष्ट्रहरूको आठौं शिखर सम्मेलनमा भाग लिन हरारेतर्फ प्रस्थान गर्दछौं । असंलग्नताको सिद्धान्तमा सधैं आस्था राख्दै नेपालले असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा सक्रिय रूपमा भाग लिंदै आएको कुरा सबैलाई विदितै छ । असंलग्न अभियानको पच्चीसौं वार्षिकोत्सवको उपलक्ष्यमा हुन लागेको वर्तमान सम्मेलनमा यस अभियानले विगतका वर्षहरूमा राजनैतिक तथा आर्थिक क्षेत्रमा हासिल गर्न सकेका उपलब्धिहरूको समीक्षा गरी आवश्यक परे नयाँ कदम चाल्ने कुरामा सिफारिश गर्न पनि नेपालले जोड दिनेछ ।

२५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अफ्रिकी महादेशको जिम्बाब्वेजस्तो नवोदित स्वतन्त्र राष्ट्रमा हुन लागेको यस वर्षको सम्मेलनले आफ्नै खालको विशिष्ट महत्व राख्दछ। थोरै मात्र हाम्रो देशको सम्पर्कं रही आएको अफ्रिकी महादेशका धेरैजसो मुलुकहरू नेपाल जस्तै विकासोन्मुख छन्। यी देशहरूका नेताहरूसँग हुने भेटघाट र कुराकानीबाट नेपालको सम्बन्ध बढ्न जानुको साथै सम्मेलनको अवसरमा विभिन्न राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरूसँग हुने भेटघाटबाट व्यक्तिगत आपसी सम्पर्क नवीकरण गरी आपसी हितका विषयहरूमा पनि विचारको आदान-प्रदान गर्ने अवसर प्राप्त हुनेछ भन्ने हामीले आशा राखेका छौं। सम्पूर्ण देशवासीको शुभेच्छाद्वारा यसवर्ष पनि राष्ट्रहितलाई अघि बढाउन हामीलाई सफलता मिल्ने छ भन्ने हामीले विश्वास लिएका छौं।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ, सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा अमनचैन कायम राख्नमा आ-आफ्नो क्षेत्रबाट सहयोग गरी नै रहनेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

२८५



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

५७०

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।